अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं.:९८५७६८३८१०
ईमेल: ito.annamun@gmail.com
वेब: annapurnamunmyagdi.gov.np
G-Plus Code: **FJJV+JH Shikha**

प.सं.: ०८२।८३
च.नं. :

मिति : २०८२।११।२६ गते
ने.सं. ११४६ चिल्लागा सप्तमी

## रैथानेबाली उत्पादन प्रोत्साहन कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

तेस्रो पटक सूचनाको प्रकाशन मिति २०८२।११।२६

यस अन्नपूर्ण गाउँपालिका कृषि विकास शाखाबाट कार्यान्वयन हुने गरी आ.व. २०८२/८३ को लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार **रैथानेबाली उत्पादन प्रोत्साहन कार्यक्रममा** सहभागी हुन ईच्छुक कृषक, कृषि फर्म, कृषक समूह र कृषि सहकारीहरुले यो सूचना प्रकाशित मितिको १५ दिन (मिति २०८२।१२।१०) भित्र यस कार्यालय तथा सम्बन्धित वडा कार्यालयमा तपसिलका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदन समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपसिल</u>

| क्र स | कार्यक्रम | बजेट रु. हजारमा | सञ्चालन गर्न सकिने क्रियाकलाप | कैफियत |
|---|---|---|---|---|
| १ | रैथानेबाली उत्पादन प्रोत्साहन कार्यक्रम | ३०० | रैथाने बालीहरू जस्तै जुनेली मकै, केराउ(कल्ला), कालो भट्ट ,गहत ,मास ,घैया धान, लट्टे ,फापर ,उवा ,मस्याङ्ग ,लोकल बोडी ,कोदो ,काडे मकै ,तोरी गरी जम्मा १४ बालीहरुको खेती गर्ने कृषकहरुको लागि यो कार्यक्रम सञ्चालन गरिनेछ।<br>• कृषकको हकमा न्यूनतम १ रोपनी ,कृषि फार्मको हकमा न्यूनतम ३ रोपनी खेती गरेको हुनुपर्नेछ।<br>• प्रत्येक बालीमा सबैभन्दा धेरै उत्पादन गर्ने कृषक /कृषि फर्महरुलाई प्रति बाली कर सहित रू .१५०००/- का दरले प्रोत्साहन रकम उपलब्ध गराईनेछ।<br>• कृषक/कृषि फर्महरुले कुनै एक बालीमा मात्र आवेदन दिन पाउने।<br>नोट :- (माथि उल्लेखित बाली मध्ये कोदो, फापर,सिलाम ,लट्टे ,केराउ (कल्ला ), **घैया धान मा आवेदन पेश भईसकेको हुदाँ बाँकी बालीमा आवेदन पेश गर्न सक्नुहुनेछ।** | |

<u>संलग्न गर्नु पर्ने कागजातहरु:</u>

- निवेदन ( अनुसूची ३ बमोजिम )
- सम्बन्धित वडाको सिफारिस पत्र।
- आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- जग्गा धनी पूर्जाको (लालपुर्जा) प्रतिलिपि
- कृषि फर्मको हकमा फर्म दर्ता /नवीकरण भएको प्रमाण-पत्रको प्रतिलिपि
- कृषि फर्मको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
- अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरी नामा वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा करारमा भएमा कम्तिमा १० बर्ष सम्मको करार सम्झौता पत्र।

२०८२।११।२६
कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

थप जनकारीका लागि (कृषि विकास शाखा )
९८६३८३४८३३, ९८६०५५३६५६ , ९८६८७३९६८८, ९८४०७७४०५३
:-

अनुसूची-३

(दफा-७ को उपदफा (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

मितिः.................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
अन्नपूर्ण गाउँपालिका, पोखरेबगर, म्याग्दी।

विषय :- प्रस्ताव पेश गरिएको बारे।

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति २०८२/११/२६ गतेको सूचना अनुसार **रैथाने बाली प्रोत्साहन** कार्यक्रम अन्तर्गत....................बालीमा..............रोपनी क्षेत्रफलमा खेती गरेकोले यस कार्यक्रममा सहभागी हुन ईच्छुक भई आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक
नाम :-
सम्पर्क नं :-
ठेगानाः
हस्ताक्षरः

संलग्न कागजातहरुको सूची :-

(१) अनुसूची-३ बमोजिमको निवेदन ।
(२) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
(३) कृषि फर्म, समुह, सहकारी दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।
(४) स्थायी लेखा नम्बर र गत आ.व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी ।
(५) सम्बन्धित वडाको सिफारिस पत्र ।
(६) कार्यक्रम संचालन गर्नेको हकमा जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी वा अर्काको नाममा रहेको जग्गामा कार्यक्रम सञ्चालन गर्ने भए जग्गा धनीको मञ्जुरीनामा, जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा कम्तिमा ५ बर्ष र फलफुल खेतीको हकमा १० बर्ष करारनामा ।